STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093, 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेन्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १०९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख १९ गते आइतबार ❑ 2 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## अस्पतालमै पुगेर भेटे सांसद थापाले सांसद साहीलाई

### मोज मस्ती गर्ने अरु टेन्सन बोक्ने जनमोर्चा: सांसद थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ बैशाख**

गण्डकी प्रदेश सांसद खिमबिक्रम शाहीलाई राष्ट्रिय जनमोर्चाका प्रदेश सांसद कृष्ण थापाले स्वास्थ्य अवस्थाको बारेमा प्रत्यक्ष रुपमा भेटेका छन् । पोखराको चरक मेमोरियल अस्पतालको आइसियू वार्डमा उपचार हुदै गरेका सांसद शाहीलाई सांसद थापाले उनको स्वास्थ्य अवस्थाको बारेमा शनिबार अस्पतालमा सामाजिक दुरी कायम गरी भेटेका हुन् ।

शाहीलाई शनिबार बिहान ११:०० बजे चार दिनपछि पहिलो पटक प्रत्यक्ष रुपमा भेटेर संक्षिप्त कुराकानी समेत भएको सांसद थापाले हामीलाई बताए । बुधबार एकाएक बिरामी भई अस्पतालको आइसियू वार्डमा भर्ना भएका शाहीलाई यस अघि जनमोर्चा र गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ लगायतलाई अस्पतालले भेट्न दिएको थिएन् ।

प्रदेश सभामा मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ विरुद्ध पेस भएको अविश्वास प्रस्तावमा मतदान निर्धारण गरिएको वैशाख १५ को सदनमा अनुपस्थित भएका सांसद शाहीलाई चार दिनपछि जनमोर्चाका सांसद थापाले भेटेका हुन् । उनीलाई रिंगटा लागेर भाइको साथमा ट्याक्सिको सहयतामा अस्पताल पुगेको थापाले बताए ।



सांसद शाहीको स्वास्थ्यमा सुधार हुदै आएकोले अब होम आइसुलेसनमा बस्न आफुले उनलाई सल्लाह समेत दिएको सांसद थापाले जनाए । संसद बैठकमा जारी विशेष अधिवेसनको छिटो अन्त्य गर्नुपर्ने उनको माग रहेको छ । उनले भने "अब छिटो अधिवेसन वोलाउनु पर्छ, अन्य दललाई यसबाट फाइदा होला तर जनमोर्चालाई कागलाई वेल पाक्यो हर्ष न विष्मात जस्तै भएको छ ।" के सांसद शाही अब संचालन हुने सदनमा उपस्थित हुनु हुन्छ त भन्ने हाम्रो प्रश्नमा सांसद थापाले शाहीको स्वास्थ्यले साथ दिएमा उहाँ उपस्थित भई पार्टीको निती अनुसार भूमिका खेल्ने दाबी गरे ।

मंगलबार बेलुका प्रदेश सभा परिसरमा गरिएको पिसिआर परिक्षणमा नेगेटिभ रिपोर्ट आएको सांसद शाहीको भोलिपल्ट सदनमा अनुपस्थित भई पोखराको चरक मेमोरियल हस्पतालको आइसियू वार्डमा भर्ना भएका उनलाई अस्पतालले जनमोर्चा नेता एवं गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ लगायतलाई समेत भेटघाट गर्न प्रतिवन्ध गरेको थियो । यसैबिच, सांसद थापाले फेसबुकमा अस्पतालमा बसिरहेका शाही र अस्पतालको फोटो राखेर शाहीको स्वास्थ्य लाभको कामना गरेका छन् ।

राष्ट्रिय जनमोर्चाका सांसद खिम बिक्रम शाही सदनमा अनुपस्थित भएसँगै गण्डकी प्रदेश सभाको बिषेश अधिवेशनको तेश्रो बैठक चार दिनदेखि स्थगित भएको छ । बुधबार केही वेर संचालन भएको सदन सभामुख नेत्रनाथ अधिकारीले २० मिनेटको लागि स्थगित भएको घोषणा गरेसँगै स्थगित भएको सदनमा करिब एक घण्टा पश्चात संसद बैठक स्थगित भएको प्रदेश सभा सचिवालयले सूचना नै टासेर बैठक स्थगित भएको जनाएको हो । जनमोर्चाका सांसद खिम बिक्रम शाहीको अबस्था अज्ञात रहेकोले सदनमा उपस्थित हुन नसुक्नु भएकोले उहाँको अबस्था सार्वजनिक गर्न निजको जीवन रक्षा गर्न निज सार्वजनिक नभएसम्म सदनको कारवाही नचलाइयोस भन्ने पत्रको आधारमा सभामुख अधिकारीले बैठक स्थगित गरेको पत्रमा उल्लेख गरेका छन् । राष्ट्रिय जनमोर्चा पार्टीका सचेतक पियारी थापाले आफ्ना सांसदको खोजि गर्न निवेदन दिएकी थिइन् । यस बिषम परिस्थितीमा निवेदन माथि सम्बोधन नगरी सदन संचालन गर्न उपयुक्त नभएकोले अर्को सूचना नभएसम्मको लागि गण्डकी प्रदेश सभाको उक्तको बैठक स्थगित भएको प्रदेश सभा सचिव हरिराज पोखरेलद्धारा जारी गरिएको सूचनामा उल्लेख गरिएको हो ।

सांसद शाहीको पोखराको चरक मेमोरिय अस्पतालमा उपचार भई रहेको छ । मंगलबार बेलुका प्रदेश सभा परिसरमा गरिएको पिसिआर परिक्षणमा नेगेटिभ नतिजा आएको उनको भोलि पल्ट एकाएक बिरामी भई चरकमा उपचार गर्न पुराएसँगै पिसिआर समेत परिक्षण गर्दा भने पोजेटिभ आएको बताइएको छ ।

राष्ट्रिय जनमोर्चाका सांसद कृष्ण थापाले सदन सुरु हुनु पूर्व सांसद शाहीसंग कुराकानी भएको र सदनमा आउने कुरा भएको बताएका थिए ।

## कास्की काँग्रेसद्धारा कोरोना उपचार स्वास्थ्य सेवा प्रभावकारी बनाउन माग

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ बैशाख**

नेपाली काँग्रेस कास्कीले जनताका लागि तत्काल कोरोना उपचार स्वास्थ्य सेवा प्रभावकारी बनाउन माग गरेको छ ।

कास्की काँग्रेसका सभापति कृष्ण केसीको अध्यक्षतामा शनिवार बसेको जिल्ला पदाधिकारी, क्षेत्रीय सभापति, प्रदेश र गाउँपालिका सभापतिको संयुक्त बैठकले त्यस्तो माग गरेको हो । नेपाली काँग्रेस कास्कीका प्रवक्ता नवीन सिग्देलका अनुसार, बैठकले जनताको स्वास्थ्यप्रति जिम्मेवार बन्न सरकारलाई आग्रह गरेको छ ।

बैठकले कोरोना महामारीमा बेला जनताका लागि सहज रुपमा कोरोना स्वास्थ्य उपचार सेवा उपलब्ध गराउनुपर्नेमा उपचार सेवा समेत दिने नसक्ने भन्दै सरकारले जनताको स्वास्थ्यमा गम्भीर खेलवाड गरेको ठहर गरेको छ ।

'समस्या र संकटका बेला सरकार झन् अरु बेला भन्दा जनताप्रति जिम्मेवार बन्नुपर्नेमा गैरजिम्मेवार बनेकोले कास्की काँग्रेसको ध्यानाकर्षण भएको छ, प्रवक्ता सिग्देलले भन्नुभयो, जनता र जनताको स्वास्थ्यप्रति सरकार गम्भीर बन्न आवश्यक देखिएको छ ।' कास्कीमा काँग्रेसको क्रियाशील सदस्य १९ हजार १४ पुगेको छ ।

पूरानो सदस्यता नवीकरण र नयाँ वितरण गर्दा क्रियाशील सदस्यको संख्या त्यति पुगेको हो ।

काँग्रेसको क्रियाशील सदस्यता नवीकरण र वितरण यहि वैशाख १५ गते बुधबारदेखि सकिएको थियो ।

## पाँच हजार ७६३ संक्रमति थपिए, ११ को मृत्यु

**रासस**
**पोखरा, १८ बैशाख**

पछिल्लो २४ घण्टामा पाँच हजार ७६३ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार कूल १४ हजार ९६९ नमूना परीक्षण गरिएकामा उक्त सङ्ख्यामा कोभिड-१९ पुष्टि भएको हो । यस्तै, उपचारपछि निको भएर घर फर्किनेको सङ्ख्या एक हजार २८७ जना रहेका छन् भने पछिल्लो २४ घण्टामा मृत्यु हुनेको सङ्ख्या ११ पुगेको छ । मन्त्रालयका अनुसार देशभर ४० हजार १०३ जना होम आइसोलेशनमा रहेका छन् भने संस्थागत आइसोलेशनमा तीन हजार ११० रहेका छन् । पछिल्ला २४ घण्टामा दुई हजार ४५५ महिला र तीन हजार २५१ पुरुष सङ्क्रमित भएका छन् । काठमाडौँमा एक हजार ९३२ जना सङ्क्रमित फेला परेको मन्त्रालयले जनाएको छ ।

यस्तै, भक्तपुरमा २०८ र ललितपुरमा ३५५ सङ्क्रमित फेला परेका छन् । यस्तै, ४०१ जना आइसियुमा उपचाररत छन् भने ११० जना भेन्टिलेटर रहेका छन् । कूल वटा आइसियु शैयाको कूल सङ्ख्या एक हजार २०३ रहेका छन् भने ५०८ वटा भेन्टिलेटर छन् ।

## सभापति देउवाद्वारा श्रमिकका लागि राहतको कार्ययोजना ल्याउन आग्रह

**रासस**
**पोखरा, १८ बैशाख**

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले कोभिड–१९ को संक्रमणका कारण मारमा परेका नागरिक, श्रमिक र साना व्यवसायीलाई आवश्यक राहत र सहयोगको कार्ययोजना ल्याउन सरकारसँग आग्रह गरेका छन् ।

उनले अन्तराष्ट्रिय श्रमिक दिवसका अवसरमा शनिबार शुभकामना सन्देश दिँदै कोभिड–१९ को बढ्दो संक्रमणका कारण जनताले भोगिरहेका समस्याबाट पार पाउन संक्रमण रोकथाम र उपचारको समुचित प्रबन्ध मिलाउन आग्रह गरेका छन् । पूर्वप्रधानमन्त्री देउवाले लकडाउनका कारण आर्थिक-सामाजिक मारमा परेका नागरिक, श्रमिक र साना व्यवसायीको जीवन कष्टकर बन्दै गएकाले आवश्यक राहतको कार्ययोजना ल्याउन सरकारसँग आग्रह गरेका छन् । उनले संक्रमणबाट मृत्यु हुनेको संख्या दिनानुदिन बढ्दै गएको र बढ्दो संक्रमणसँगै आइसियु बेड, भेन्टिलेटर र अक्सिजनको टड्कारो अभाव देखिन थालेको बताउँदै यस्तो परिस्थिति आउनामा सरकार जिम्मेवार रहेको आरोप लगाएका छन् । नेपालमा विसं २००३ मा कांग्रेसको नेतृत्वमा विराटनगरमा मजदूरको पहिलो ऐतिहासिक आन्दोलन भएको थियो । तत्कालीन सरकारले त्यो लामोआन्दोलनलाईनिर्ममतापूर्वक दबाउने नीति अख्तियार गरेर जननायक बिपी कोइरालालगायत धेरै नेतालाई पक्राउ गरेको थियो । नेपालमा प्रजातन्त्रको स्थापना अथवा २००७ सालको ऐतिहासिक जनक्रान्तिको प्रस्थानविन्दु त्यही आन्दोलन थियो । उनले कांग्रेस र मजदूर सधैँ एकार्कामा आबद्ध भएर एकार्काका अनन्य सहयोगी भएर रहिआएको जनाउँदै अन्तरराष्ट्रिय श्रमिक दिवसका अवसरमा सम्पूर्ण श्रमिकमा शुभकामना व्यक्त गरेका छन् ।

## संकटमा राज्य हतास होइन नागरिकलाई ढाडस बन्नुपर्छ : कांग्रेस

**रासस**
**पोखरा, १८ बैशाख**

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले स्थितिको संवेदनशीलता दृष्टिगत गरेर नागरिकलाई गम्भीर बन्न सरकारले अपिल गर्नु स्वभाविक र आवश्यक भएको जनाउँदै सङ्कटमा अपिल गरिहँदा हतास र त्रास होइन विश्वास प्रवाह गर्नु जिम्मेवार सरकारको कर्तव्य हुने उल्लेख गरेको छ ।

पार्टीप्रवक्ता विश्वप्रकाश शर्माले आज विज्ञप्तिमार्फत सङ्कटमा 'अस्पतालमा शैया उपलब्ध गराउन नसकिने भइसकेको' सार्वजनिक वक्तव्यले सरकारको लाचारी मात्रै होइन गैह्र जिम्मेवार प्रवृत्ति पुष्टि भएको बताएका छन् । "पुरै वर्ष दिन सत्ता द्वन्दमा बिताउने, संसद् विघटन गरेर मध्य महामारीमा चुनाव घोषणा गर्ने, समयको सदुपयोग गरेर पर्याप्त तयारी नगर्ने, तीन महिनामा सबै नेपालीलाई खोप भनेर सस्तो लोकप्रियताको अभिव्यक्ति दिने अनि अहिले आएर बेड छैन, भेन्टिलेटर, अक्सिजन आदि पर्याप्त छैन भनेर निरीहता प्रस्तुत गर्ने गैह्रजिम्मेवार अभिव्यक्ति र जनताको जीवनप्रति खेलवाडको व्यवहार हो यो", विज्ञप्तिमा उल्लेख छ । आजको सङ्कट पार लगाउन नसकिने जनाउँदै कांग्रेसले लाचार अभिव्यक्ति बन्द गरेर युद्धस्तरमा कार्य गर्न र कोरोनाविरुद्धको सङ्घर्षमा राज्यको क्षमता विस्तार गर्न सरकारलाई अपिल गरेको छ । साथै बेड, भेन्टिलेटर, अक्सिजन प्लान्ट र अक्सिजनको सिलिन्डर आदिमा सरकारको वास्तविक क्षमता कति हो, सङ्क्रमणको विस्तार कुन हुँदसम्म हुनसक्दछ भन्ने विज्ञ अनुमान र विश्लेषण छ, त्यो हद सामना गर्न शैययालगायतको विस्तारमा सरकारसँग बजेट, पूर्वाधार या इच्छाशक्ति के अभाव छ यसमा योजनाबद्ध र दृढ ढङ्गले प्रस्तुत हुन जरुरी रहेको कांग्रेसको सुझाव छ । साथै कांग्रेसले नीजि क्षेत्रका अस्पताललाई कोरोनाविरुद्धको सङ्घर्षमा बृहत्तर सहकार्यमा कसरी गोलबन्द गर्ने, राजनैतिक दल, सङ्घसंस्था र समाजसँग सरकारले गरेको सहयोग अपेक्षा के हो, फ्रन्टलाइनमा रहेर कार्य गरिरहेका स्वास्थ्यकर्मीको मनोबल उच्च राख्न सरकार कसरी प्रस्तुत हुने, खोपको पछिल्लो खेप आयातमा अन्तरराष्ट्रिय पहलकदमी कति तीव्रतर छ, यी समग्र विषयमा सरकार प्रष्ट, पारदर्शी, योजनावद्धरुपमा प्रस्तुत हुनुपर्ने जनाएको छ ।

सङ्कटका बेला हरेक नागरिकको अभिभावक राज्य हुनुपर्ने, बेडको अभाव हुनथाल्यो भने अभावको गीत गाएर त्यो अभिभावकत्व पुरा नहुने उल्लेख गर्दै प्रवक्ता शर्माले परिस्थितिको गम्भीरताबमोजिम मनस्थितिको गम्भीरता राखेर कार्य गर्न सरकारलाई सजग गराएका छन् ।

## मजदूर आन्दोलनको सम्झनामा मई दिवस

**रासस**
**काठमाडौं, १८ बैशाख**

नयाँ भेरियन्टसहितको कोरोना भाइरसका कारण १३२ औं अन्तर्राष्ट्रिय श्रमिक दिवस पनि प्रभावित भएको छ । कोरोनाको सङ्क्रमण फैलने सम्भावना रहेको भन्दै काठमाडौँ उपत्यकासहित केही जिल्लामा निषेधाज्ञा जारी भएसँगै यसवर्ष श्रमिक दिवसका अवसरमा नेपालमा क्रियाशील ट्रेड युनियनले कुनै पनि औपचारिक कार्यक्रम राखेका छैनन् ।

औपचारिक कार्यक्रम नराखिए पनि श्रमिक दिवसको सन्दर्भ पारेर विभिन्न ट्रेड युनियनले भर्चुअल माध्यमबाट छलफलको आयोजना गरेका छन् । 'आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा आराम' नारासहित शुरु भएको मजदुर आन्दोलनको सम्झनामा विश्वभर अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउन थालिएको हो । सन् १८८६ मा अमेरिकाको सिकागोमा 'आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा आराम' भन्ने नारका साथ विश्व मजदुर दिवस मनाइएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कोरोनाको मारमा परेका श्रमिकको व्यवस्थापन गर्न प्रचण्डको आग्रह

**रासस**
**पोखरा, १८ बैशाख**

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले कोरोना भाइरसका कारण रोजगार गुमेका र दैनिक श्रम गरी जीविकोपार्जन गर्ने श्रमजीवि वर्ग गम्भीर समस्यामा परेको भन्दै उनीहरूका लागि उचित राहतसहित खाद्यान्नलगायत वैकल्पिक व्यवस्थापन गर्न माग गरेका छन् । १३२ औं अन्तर ष्ट्रिय श्रमिक दिवसका अवसरमा आज शुभकामना दिँदै उहाँले

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# थप पाँच जिल्लामा निषेधाज्ञा

**रासस**
**काठमाडौं, १८ बैशाख**

कोभिड-१९ सङ्क्रमणको क्षेत्र विस्तार भएसँगै शनिबार आंशिक र पूर्ण गरी थप छ जिल्लामा निषेधाज्ञाको घोषणा गरिएको छ।

यो सँगै शनिबारसम्म २९ जिल्लामा निषेधाज्ञा आदेश जारी भएको छ। त्यसमध्ये १९ जिल्लामा कार्यान्वयनमा रहेको, तीन जिल्लामा शनिबार राति १२ बजेदेखि र सात जिल्लामा आइतबारदेखि कार्यान्वयनमा आउने जनाइएको छ। कूल २९ मध्ये सात जिल्लामा आंशिक निषेधाज्ञा छ । प्राप्त विवरणअनुसार आज गुल्मी, प्यूठान, काभ्रेपलाञ्चोक, गोरखा, बाजुरा र उदयपुर जिल्लामा निषेधाज्ञा गर्ने निर्णय भएको छ । उदयपुर, प्यूठान र गुल्मीमा जिल्लाभर र अन्य जिल्लामा आंशिक आदेश जारी गरिएको गृह मन्त्रालयले जनाएको छ। गुल्मीमा आज राति १२, बाजुरामा बिहान ५ र उदयपुरमा आइतबार राति ८ बजेदेखि आदेश कार्यान्वयनमा आउनेछ भने प्यूठानमा आज बिहान ६ बजेदेखि नै कार्यान्वयन भइसकेको छ।

घोषित विवरणअनुसार काभ्रेमा अरनिको राजमार्गको साँगादेखि बनेपा बजारसम्मको दायाँबायाँ ५०० मिटरसम्म, बनेपा तीन दोबाटोदेखि नाला भगवतीसम्मको सडकको दायाँबायाँ ५०० मिटरसम्म, बनेपा-पनौती-खोपासी सडकको ५०० मिटर दायाँबायाँ, विपी राजमार्गको धुलिखेल चोकदेखि काभ्रे भञ्याङ-भकुण्डे हुँदै मङ्गलदारसम्मको दायाँबायाँ २०० मिटर क्षेत्रमा निषेधाज्ञाआदेश जारी गरिएको छ। उक्त आदेश आइतबार राति १२ बजेदेखि कार्यान्वयन हुने जनाइएको छ। यस्तै, गोरखाको भीमसेनथापा गाउँपालिका-७ र ८ मा आज राति १२ बजेदेखि लागू हुने गरी निषेधको आदेश जारी गरिएको छ। बाजुरा जिल्लाको हिमाली गाउँपालिका क्षेत्रमा आइतबार बेलुका ८ बजेदेखि लागू हुने गरी निषेधको आदेश जारी गरिएको छ। यसअघि नै घोषणा गरिएअनुसार मोरङ, जाजरकोट र झापामा आज राति १२ बजेदेखि तथा सल्यान, रुकुम पश्चिम र डडेलधुरामा आइतबार बिहान ६ बजेदेखि आदेश कार्यान्वयन हुने गृह मन्त्रालयले जनाएको छ । सरकारले अवस्था हेरेर निषेधको आदेश जारी गर्नसक्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई दिएसँगै विभिन्न जिल्लामा निषेधाज्ञा जारी भइरहेको छ । सरकारले सङ्क्रामक रोग नियन्त्रण ऐन २०२० को उपदफा २ बमोजिम पहाडी र हिमाली जिल्लामा २०० र काठमाडौं उपत्यका तथा तराईमा ५०० सक्रिय सङ्क्रमित रहेका जिल्लामा जिल्लाभर वा निश्चित क्षेत्र तोकी प्रमुख जिल्ला अधिकारीले निषेधाज्ञा वा अन्य आवश्यक आदेश जारी गर्न सक्ने अधिकार दिएको थियो । सोही अधिकार प्रयोग गर्दै बाँके, सुर्खेत, काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, कैलाली, पर्सा, कञ्चनपुर, दाङ, पाल्पा, चितवन, रुपन्देही, र सुनसरीमा आदेश कार्यान्वयनमा छ। यस्तै, कालीकोट, बाग्लुङ, बर्दियामा र दार्चुलामा आंशिक आदेश जारी भएको छ । आदेश जारी भएका जिल्ला मध्ये कास्की, सुनसरी र झापामा सवारी साधनलाई जोरबिजोर प्रणालीमा सञ्चालन गरिने उल्लेख छ।



चेकजाँच गर्दै सुरक्षाकर्मी : पोखरा महानगरपालिका वडा नं ६ हल्नचोकमा निषेधाज्ञाको तेस्रो दिन चेकजाँच गर्दै सुरक्षाकर्मी। तस्वीर : रासस

# फागुनदेखि सुपरदोर्दी 'ख' को बिजुली राष्ट्रिय प्रसारण लाइनमा

**पोखरापत्र संवाददाता**
**लमजुङ, १८ बैशाख**

आगामी फागुनदेखि सुपरदोर्दी 'ख' आयोजनाकोको बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिने भएको छ । जिल्लाको दोर्दी गाउँपालिका-६ ढोडेनीमा निर्माणाधीन ५४ मेगावाट क्षमताको यस आयोजनाको निर्माण कार्य सकेर आगामी फागुन महिनाबाट बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिने भएको हो।

निर्माण कार्य तीव्र भएकोले आगामी फागुनमा बिजुली उत्पादन गर्ने आयोजना साइट इञ्चार्ज रमेश सिग्देलले बताए। उनले भने, "८५ प्रतिशत बढी निर्माण कार्य सकिएको र बाँकी काम निर्धारित समयमै सक्ने लक्ष्य छ ।" पिपुल हाइड्रोपावर कम्पनीले निर्माण गरिरहेको यस आयोजना दोर्दी कोरिडोरकै सबैभन्दा ठूलो हो । यस आयोजनाको हालसम्म २२७ मिटर ठाडो पाइप खन्ने काम सकिएको छ जसमा ३७ मिटर पाइप बिच्छ्याइसकेको छ।

त्यस्तै, दुई हजार १०० मिटरको सुरुङको आधा काम सम्पन्न भइसकेको छ। एक हजार ४०० मिटर सुरुङको फिनिसिङ कार्य भइरहेको र आगामी पाँच/६ दिनभित्र सम्पन्न हुने इन्चार्ज सिग्देलले बताए। यस्तै, एक हजार ६०० मिटरको सुरुङको समेत काम भइरहेको छ । यस सुरुङको ४२० मिटर सुरुङ खन्न बाँकी छ। आगामी जेठभित्र सुरुङ इनटेकको बाहिरी काम सम्पन्न हुने जनाइएको छ । इलेक्ट्रोमेकानिकल, टनेल र पावर हाउसको केही काम भइरहेको छ। यस पावर हाउसको सात मिटर चौडाइ र ५० मिटर लम्बाइमा पर्खाल लगाउने काम सकिएको छ।

पावर हाउसको सबै काम गरेर ६० प्रतिशत निर्माण सकिएको छ। आयोजनामा हाल ४०० जना कामदार कार्यरत छन् । विविध कारणले निर्माण कार्यमा ढिलाइ भएपछि २०७८ असारसम्म निर्माण सक्ने सम्झौता रहेको छ। आयोजनाको कूल लागत रु आठ अर्ब ८० करोड छ। सानिमा बैंकको अगुवाइमा नौ बैंकले ऋण लगानी गरेका छन् । ७० प्रतिशत ऋण र बाँकी प्रवर्द्धन लगानीमा निर्माण हुँदै आएको छ । आयोजनामा प्रभावित क्षेत्रका जिल्लावासीको मात्र रु २७ करोड लगानी रहेको छ । आयोजनाले सुक्खायाममा आठ रुपैयाँ ४० पैसा र बर्षायाममा चार रुपैयाँ ८० पैसामा विद्युत् खरीद गर्ने (पिपिए) सम्झौता भएको छ।

यस आयोजना निर्माण भइरहेको दोर्दी खोला अर्थात् दोर्दी करीडोरमा यसबाहेक चारवटा आयोजना निर्माणाधीन छन् । सोमध्ये हिमालयन पावर पार्टनर लिमिटेड कम्पनीद्वारा निर्माणाधीन २७ मेगावाट क्षमताको दोर्दीखोला जलविद्युत्, लिबर्टी इनर्जी लिमिटेडद्वारा निर्माणाधीन २५ मेगावाटको माथिल्लो दोर्दी 'ए', दोर्दीखोला जलविद्युत् कम्पनीले निर्माण गरिरहेको १२.१ मेगावाटको दोर्दी-१ र छ्याङ्दी खोला हाइड्रोपावर कम्पनीको चार मेगावाट क्षमताको जलविद्युत् आयोजना निर्माणाधीन रहेका छन्।

# दुर्घटनाका घाइतेको हवाई उद्दार

**पोखरापत्र संवाददाता**
**बागलुङ, १८ बैशाख**

बागलुङको बरेङ गाउँपालिका-१ मा शनिबार दिउँसो मोटरसाइकल दुर्घटना भएको छ। दुर्घटना हुँदा एक जना गम्भीर घाइते भएका छन्।

धुल्लुबास्कोटदेखि बरेङ आउने क्रममा बरेङ-१ सिलामारी भन्ने ठाउँमा ध १ प ३६३२ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा सर्वोदय माध्यमिक विद्यालयका २५ वर्षीय शिक्षक विष्णु पौडेल घाइते हुनुभएको बरेङबाट प्रकाश छन्त्यालले जानकारी दिए। घाइते पौडेलको बायाँ हातको बुडी औँला काटिएको र शरीरको भित्री भागमा चोट लागेको हुँन सक्ने भन्दै काठमाडौं पठाइएको हो। उनलाई थप उपचारका लागि प्रभु एयरको हेलिकप्टरमार्फत काठमाडौँ पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक विजय भण्डारीले जानकारी दिए।

# एमाले नेता खनाललाई कोरोना संक्रमण

**रासस**
**काठमाडौं, १८ बैशाख**

नेकपा (एमाले)का वरिष्ठ नेता झलनाथ खनालमा कोभिड-१९ को सङ्क्रमण देखिएको छ।

पिसिआर परीक्षण गर्दा उहाँमा सङ्क्रमण पुष्टि भएको उहाँका स्वकीय सचिव कृष्ण भट्टराईले जानकारी दिए। सङ्क्रमण भएपछि उनलाई अहिले थापाथलिस्थित नर्भिक इन्टरनेशनल अस्पतालमा भर्ना गरिएको छ । यसअघि उहाँलाई सङ्क्रमण भएपछि मनमोहन मेमोरियल अस्पतालमा भर्ना गरिएको थियो । सङ्क्रमणको दोस्रो लहर आएपछि धेरै मानिसलाई सङ्क्रमण हुन थालेको छ । सरकारकै ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री टोपवहादुर रायमाझी, खानेपानी तथा सरसफाइमन्त्री मणिचन्द्र थापामा पनि कोरोना सङ्क्रमण पुष्टि भएको बताइएको छ।

वरिष्ठ नेता झलनाथ खनाललाई अक्सिजनको सामान्य सपोर्टमा राखिएको छ। नर्भिक अस्पतालमा शनिबार साँझ भर्ना भई उपचाररत रहेका उनलाई अस्पतालको अक्सिजनको सामान्य सपोर्टमा राखेर उपचार गरिरहेको कर्पोरेट कम्युनिकेशन प्रमुख सोमनाथ बाँस्तोलाले जानकारी दिए। उनका अनुसार पूर्वप्रधानमन्त्री खनालको स्वास्थ्य अवस्था सामान्य रहेको छ।

# लायन्स क्लव अफ पोखरा लेकसाईडको अध्यक्षमा अधिकारी

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ बैशाख**

लायन्स क्लव अफ पोखरा लेकसाईडको अध्यक्षमा नवराज अधिकारी चयन भएका छन्। भर्चुअल मिटिङबाट अधिकारीको अध्यक्षतामा हालै नयाँ कार्यसमिति चयन भएको हो।

लायन्स क्लव अफ पोखरा लेकसाईडको प्रथम उपाध्यक्षमा कृति बल्लभ त्रिपाठी, द्वितीय उपाध्यक्षमा कृष्ण कुमार श्रेष्ठ, तृतीय उपाध्यक्षमा धर्मराज थापा, सचिवमा ईन्द्रमान चौहान, क्लब प्रशाशकमा भिम प्रसाद आचार्य, कोषाध्यक्षमा प्रेम प्रसाद सुवेदी, सहसचिवमा श्यााँम बहादुर थापा, सह–कोषाध्यक्षमा असोक लामा (रूम्वा) चयन भएका छन् । त्यसैगरि मेम्बरसीप चियरपर्सनमा कमल भुजेल, टेल ट्विस्टरमा कमल अधिकारी, ट्यामरमा प्रकाश श्रेष्ठ, सर्भिस चियरपर्सनमा नारायण प्रसाद अधिकारी चयन भएका हुन्। कोरोनाको दोश्रो लहर पोखरामा पनि बढ्दै गएको र कास्कीमा निषेधाज्ञा जारी भएकोले गर्दा आफुहरुले भर्चुअल मिटिङ मार्फत सर्वसम्वत रुपमा नयाँ कार्यसमिति चयन भएको सह–कोषाध्यक्षमा (रूम्वाले बताए । संस्थाले समसामहिक बिषयमा र सामाजिक क्षेत्रमा महत्वपूर्ण काम गर्ने योजना बनाउने भएको अध्यक्ष अधिकारीले जनाए । श्रीकृष्ण श्रेष्ठको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

## मजदुर...

थियो। अमेरिकाको सिकागोको हेय मार्केट भन्ने ठाउँमा बम विस्फोट भयो । सो बम विस्फोट कसले गराएको भन्ने नखुले पनि प्रहरीले आन्दोलनरत मजदुरमाथि व्यापक दमन गऱ्यो । प्रहरीको गोली लागेर सात मजदुरको मृत्यु भयो । मजदुर आन्दोलनले अन्ततः सफलतासमेत हासिल गरेको विश्व इतिहास छ।

सन् १८८९ मा फ्रान्सको पेरिसमा सम्पन्न विश्वका श्रम संगठन एवं श्रमिक नेताको बैठकले विश्व श्रमिक दिवस विश्वभर मनाउने निर्णय गरेको हो। त्यसयता सन् १८९० देखि हरेक वर्ष अंग्रेजी महिनाको मे १ तारिखमा श्रमिक दिवस मनाउन शुरु गरियो । विश्वका मजदुरले सो दिवसलाई पर्वका रूपमा लिँदै आफ्ना अधिकारको सुनिश्चितताका लागि सरकार र रोजगारदातालाई दबाब दिने उद्देश्यले विभिन्न कार्यक्रम गरी मनाउँछन् । नेपालमा विराटनगरमा विसं २००७ मा मजदूर आन्दोलनसँगै यो दिवस मनाउन थालिएको हो।

## कोरोनाको...

सबै राजनीतिक कायकर्ता र समाजसेवीहरूमा पनि खुला हृदयले समस्यामा परेका रोजगारविहीन श्रमिकका लागि सहयोगी हात बढाउन अपिल गरेका छन्।

महामारीको संक्रमणबाट आफ्नो जीवन रक्षाका लागि सावधानी र चेतना अभिवृद्धि गर्न सम्पूर्ण श्रमिक वर्गमा अपिल गर्दै पूर्वप्रधानमन्त्री दाहालले सुस्वास्थ्य र दीर्घायूको कामनासमेत गर्नुभएको छ । श्रमजीवी वर्ग, राज्यको बहुआयामिक विकासका मुख्य आधार रहेको तथा श्रमिक वर्गको हक, हित र अधिकारको सुनिश्चितता नभएसम्म देशमा आर्थिक विकास र समृद्धि सम्भव नहुने भन्दै उहाँले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानमा श्रमिक वर्गको हित र अधिकारलाई प्रत्याभूति गरिए पनि श्रमजीवि वर्गको बलिदानीपूर्ण संघर्षबाट प्राप्त उपलब्धिमाथि अहिले सरकारबाट नै निरन्तर प्रहार भइरहेको बताएका छन्।

अध्यक्ष दाहालले पश्चगामी र परिवर्तन विरोधी तत्व श्रमजीवि जनताका अधिकार खोस्न उद्त देखिएकाले प्राप्त उपलब्धिको रक्षाका लागि एकताबद्ध भएर प्रतिवाद गर्न श्रमिक वर्गमा अपिल गरेका छन्।

# सांसद श्रेष्ठलाई कोरोना संक्रमण

**रासस**
**दमौली, १८ बैशाख**


तनहुँ क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य कृष्णकुमार श्रेष्ठ (किसान) लाई कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। शनिबार गरिएको पिसिआर परीक्षणअनुसार सांसद श्रेष्ठलाई कोरोना सङ्क्रमण पुष्टि भएको हो । कोरोना सङ्क्रमण भए पनि कुनै प्रकारको असजिलो महसुस नभएको र होम आइसोलेशनमै रहेको उनले बताए।

कोरोना सङ्क्रमण बढिरहेको अवस्थामा सांसद श्रेष्ठले सबैलाई सुरक्षित रहनका लागि आग्रहसमेत गरेका छन्।


रोगको समयमा उपचार गर्नुपर्दछ। उपचारका लागि धामी झाँक्री कहाँ होइन स्वास्थ्यकर्मी एवं स्वास्थ्य संस्थामा जाऔं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ। -गीता

## सम्पादकीय

# मारमा परेका श्रमिकलाई सम्झ

विश्वभरका मजदुरहरुले गरेको सर्घषको इतिहासलाई सम्झेर मे दिवस मनाइएको छ। एक सय बत्तीस बर्ष पहिला मे १ तारिकका दिन संसार निर्माण गर्ने श्रमिक वर्गले संघर्ष, एकता र वीरताको प्रदर्शन गरेका थिए। आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जन लगायतका माग सहित अमेरिकाको शिकागो शहरमा मजदुरहरुले वलिदानी संघर्ष गरेका थिए। त्यही संघर्षले सफलता हासिल गरेका हुँदा मे १ लाई अन्तर्राष्ट्रिय श्रमिक दिवसको रुपमा मनाउन थालिएको हो। मे १ मा संसारभरका मजदुरहरुले आफ्ना अधिकार प्राप्तिको लडाइको स्मरण गर्दै आएका छन्। मजदुरले त्यो अधिकार प्राप्त गर्न थुप्रै मजदुरहरुले आफ्नो रगत पसिना बगाएका छन्। त्याग र बलिदानकै प्रतिफल अहिलेको अवस्थामा मजदुरहरुले थप अधिकारका लागि संघर्ष गर्ने माहोल बन्दै गएको छ।

निरंकुश शासनकालमा मजदुरहरुले आफ्ना माग सुनाउन पनि सक्ने अवस्था थिएन। नेपालका श्रमिकहरुले मे १ का दिन लड्दै आएको गौरवपूर्ण इतिहास छ। लोकतन्त्र पछि मे १ का दिन सार्वजनिक विदा दिने अवस्था मजदुरहरुले गरेको आन्दोलनको प्रतिफल हो। नेपालमा निरंकुशतन्त्रको अन्त्य भइ लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ। नेपालमा विसं २००३ मा मजदुरहरुले विराटनगरको जुट मिलबाट सुरु गरेको मजदुर आन्दोलनले अन्ततः जहानियाँ राणाशासनलाई घुँडा टेकायो। २००७ सालको प्रजातन्त्र स्थापनापछि पञ्चायती शासन व्यवस्थाको अन्त्य गर्दा होस् या दश वर्षे सशस्त्र जनयुद्ध वा २०६२/०६३ को जनआन्दोलन गर्दा होस्, नेपालका सबै राजनीतिक परिवर्तनहरूमा नेपाली श्रमिकहरूले गरेको योगदान महत्त्वपूर्ण छ।

नेपालमा २०४६ सालपछि मात्र आफ्नो उचाइ लिएको ट्रेड युनियन आन्दोलनले २०७२ को संविधानको धारा ३४ मा श्रमको हकलाई मौलिक हकको रूपमा स्थापित गरेपछि कानुनी रूपमा श्रमिकका आवाजहरू थप व्यवस्थित भएको देखिन्छ। उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई संविधानले सुनिश्चित गरेको छ। प्रत्येक श्रमिकलाई श्रम अभ्यासको हक हुने, ट्रेड युनियन खोल्ने र त्यसमा सहभागी हुने तथा सामूहिक सौदावाजी गर्न पाउने व्यवस्थालाई संविधानले आत्मसात् गरेको छ। श्रमिकका हक, हित र सुविधालाई व्यवस्था गर्न, श्रमिक र रोजगारदाताको अधिकार र कर्तव्यको स्पष्ट व्यवस्था गरी असल श्रम सम्बन्धको विकास गर्न र श्रम शोषणका सबै अवशेषको अन्त्य गर्न श्रम ऐन, २०७४ जारी गरी लागूसमेत गरिएको छ।

श्रमिकको व्यावसायिक तथा पेसागत हक हितलाई संरक्षण र संवर्द्धन गर्न ट्रेड युनियन ऐन, २०४९ लागू गरिएको छ। निजामती सेवा ऐन २०४९ ले पनि ट्रेड युनियनको अधिकारलाई कानुनी रूपमा थप संस्थागत गरेको छ। कर्मचारीहरूको पेसागत हक हित र सुरक्षाका लागि आधिकारिक ट्रेड युनियन खडा गरिएको छ। आइएलओ महासन्धिलाई नेपालले अनुमोदन गरेको छ। संस्थागत रूपमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रबन्ध गरिएको छ। सरकारले सामाजिक सुरक्षा योजना कार्यान्वयन गरेको छ। यसमा सहभागी हुने श्रमिकले अब उप्रान्त औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना र अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्ध अवस्था सुरक्षा योजनाअन्तर्गत आर्थिक सहायता प्राप्त गर्नेछन्। यतिखेर देशको आर्थिक वृद्धिदर अपेक्षा गरेको भन्दा झन्डै पाँच प्रतिशतले घट्ने सरकारले अनुमान गरेको छ भने रोजगारी र जीविकामा परेको क्षति अभूतपूर्व हुने देखिन्छ। यसपालि अन्तर्राष्ट्रिय मजदुर दिवस मनाइरहदा विश्वभरिका मजदुरहरूले रोजगारी गुमाउने ,स्वास्थ्य सुरक्षा प्रमुख चुनौती बनेको छ। मजदुर मध्ये पनि सङ्गठित वा अनौपचारिक क्षेत्रमा काम गर्ने दैनिक ज्यालादारी, निर्माण क्षेत्रका श्रमिक तथा साना व्यापारमा समाहित कामदारहरू सबैभन्दा धेरै मर्कामा पर्ने देखिएको छ।

आइएलओको आँकडाअनुसार विश्वका डेढ अर्बभन्दा धेरै त्यस्ता मजदुरको रोजगारी जोखिममा परेको छ। कुनै वैकल्पिक आम्दानीको अभावमा यी मजदुर र तिनका परिवारको जीविका सङ्कटमा पर्नेछ। नेपालमा पनि लाखौँ मानिस सङ्गठित क्षेत्रमा काम गर्छन्। सकेसम्म त्यस्ता श्रमिकलाई सरकारी काममा लगाएर राहतस्वरूप पैसा र खाद्यान्न दिएर सहयोग गरिने निर्णय गरिएको भनिन्छ। विश्वमा त्यस्ता धेरै श्रमिक छन् जो साँझ खान र बस्नको निम्ति मात्रै आफ्नो भरदिन श्रममा खर्चिरहेका हुन्छन्। यही चुनौतीपूर्ण परिस्थिति आज नेपालले पनि व्यहोरिरहेको छ। महामारी नियन्त्रणमा अहोरात्र शारीरिक हैरानी र मानसिक तनावको पर्वाह नगरी महामारी विरुद्धको लडाइँको अग्रमोर्चा सम्हालिरहेका सुरक्षाकर्मी, स्वास्थ्यकर्मीको उचित सुरक्षा सुनिश्चित, श्रमको उचित सम्मानजनक मूल्याङ्कन हुनुपर्छ। महामारीलाई परास्त गर्ने उच्च मनोबलसहितक सुरक्षाको वातावरण आवश्यक छासरकारले श्रमिकको पारिश्रमिक बढाउने घोषणा प्रधानमन्त्री केपी शर्मा ओलीले गरेका छन। सामाजिक सुरक्षा कार्यक्रम, कर्मचारीको पारिश्रमिक वृद्धि सबै श्रमको सम्मान हो। असंगठित क्षेत्रका मजदुरको स्वास्थ्य र सुरक्षामा ध्यान दिनुपर्छ। कोभिडको कारण कठिनाइ र जीवनमरणको संघर्षमा बाँचेका सबैलाई मजदुर (श्रमिक) दिवसको शुभकामना।

# भारतमा एकैदिनमा चार लाखभन्दा बढी संक्रमित

**रासस**
**काठमाडौं, १८ बैशाख**

भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित भएकाहरूको सङ्ख्या विगत २४ घण्टामा चार लाख नाघेको छ।

कोरोनाभाइरसको महामारी सुरु भएदेखि दैनिक सङ्क्रमितको सङ्ख्या यो नै सबैभन्दा धेरै भएको अधिकारीहरूले जानकारी दिएका छन्। उनीहरूका अनुसार पछिल्लो २४ घण्टामा भारतभरी कूल चार लाख एक हजार ९९३ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन्। योसँगै अहिलेसम्म देशभरी कूल सङ्क्रमितको सङ्ख्या एक करोड ९१ लाख ६४ हजार ९६९ पुगेको अधिकारीहरूले जनाएका छन्। भारतको केन्द्रीय स्वास्थ्य मन्त्रालयले कोरोनाका कारण सोही अवधिमा तीन हजार ५२३ जनाको मृत्यु भएको तथ्याङ्क सार्वजनिक गरेको छ।

भारतमा अहिलेसम्म कोरोनाभाइरसका कारण मृत्यु भएकाहरूको कुल सङ्ख्या दुई लाख ११ हजार ८५३ पुगेको छ। मन्त्रालयका अनुसार भारतमा अहिले पनि कोरोनाभाइरसबाट सङ्क्रमित अवस्थामै रहेकाहरूको सङ्ख्या ३२ लाख ६८ हजार १७० रहेको छ। पछिल्लो २४ घण्टामा भारतमा दुई लाख ९९ हजार ९८८ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। भारतीय चिकित्सा अनुसन्धान परिषद्का अनुसार भारतमा अहिलेसम्म २८ करोड ८३ लाख ३७ हजार ३८५ जनाको कोरोना परीक्षण गरिएको छ।

# भारतबाट अमेरिका र अष्ट्रेलिया आउन प्रतिबन्ध

**रासस**
**काठमाडौं, १८ बैशाख**

भारतबाट अमेरिका आउन अमेरिकी सरकारले प्रतिवन्ध लगाएको छ।

भारतमा कोरोनाभाइरसको महामारी तीव्र रूपमा फैलिएकाले त्यसको असर अमेरिकामा पनि पर्ने डरलेभारतबाटआउनेहरूलाई अमेरिकामा प्रतिवन्ध लगाइएको हो। भारतबाट अमेरिका आउन प्रतिवन्ध लगाउनेसम्बन्धी निर्णयमा राष्ट्रपति जो वाइडेनले शुक्रबार हस्ताक्षर गर्नुभएको छ।

अमेरिकी नागरिकलाई भने रोक नलगाइएको, तर उनीहरु आएपछि कम्तीमा १४ दिन क्वारेन्टिइनमा बस्नु पर्ने व्यवस्था गरिएको पनि अधिकारीहरूले जनाएका छन्। भारतबाट अमेरिका आउन प्रतिवन्ध लगाउने निर्णय मे ४ देखि लागु हुने र यो निर्णय अस्थायी भएको जनाइएको छ। अस्थायी भएपनि कहिलेसम्म लागु हुनेछ भन्ने अनिश्चित नै रहेको छ।

भारतमा अहिले कोरोनाभाइरसको महामारी अत्यधिक छ भने दैनिक लाखौं सङ्क्रमित हुने गरेका छन्। अरु हजारौंको मृत्यु हुने गरेको छ। भारतको महामारी सर्ने डरले अन्य देशहरूले पनि भारतबाट आवागमनका लागि प्रतिवन्ध लगाएका छन्। अष्ट्रेलियाले त आदेश नमान्नेलाई पाँच बर्षसम्म जेल सजाय हुने व्यवस्था गरिएको घोषणा गरेको छ।

शनिबार घोषणा गरिएको यात्रा प्रतिवन्धसम्बन्धी निर्णयमा सरकारको निर्णय नमान्नेलाई जेल सजायको व्यवस्था गरिएको उल्लेख छ। कोरोनाभाइरसको महामारी थप फैलिन नदिनका लागि भारतलगायतका कोरोनाभाइरसबाट अति प्रभावित मुलुकबाट आउनेहरूलाई आउन नदिने निर्णय गर्नु परेको सरकारी अधिकारीहरूको भनाइ छ।

भारतबाट अष्ट्रेलिया आउन नपाइनेसम्बन्धी सरकारी निर्णय कार्यान्वयन भने आगामी सोमबारदेखि मात्रै हुने जनाइएको छ। अत्यावश्यक परेर आएकाहरूलाई पनि कम्तीमा १४ दिन क्वारेन्टाइनमा बस्नु पर्ने व्यवस्था गरिएको अधिकारीहरूले जनाएका छन्। भारतबाट आएका यात्रुहरूबाट कोरोनाभाइरस सर्न थालेको भन्दै सर्वत्र चासो व्यक्त भएपछि सरकारले भारतबाट अष्ट्रेलिया आउन रोक लगाइएको हो।

# अमेरिकाद्वारा एक अर्ब ३० लाख अनुदान प्राप्त हुँदै

**रासस**
**काठमाडौं, १८ बैशाख**

अमेरिकाले नेपाललाई रु एक अर्ब ३० लाख अतिरिक्त सहायता प्रदान गर्ने भएको छ।

नेपालका लागि अमेरिकी राजदूत ऱ्यान्डी बेरीले कोभिड-१९ विरुद्धको नेपालको लडाइँमा सघाउन आफ्नो देशले अतिरिक्त सहायतास्वरुप उक्त रकम प्रदान गर्ने बताउनुभएको हो।

शनिबार अपराह्न ट्विट गर्दै उहाँले अमेरिकाको पुरानो मित्र नेपाललाई महामारीविरुद्धको लडाइँमा भरथेग गर्न अन्तराष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग (युएसएआइडी) मार्फत उक्त रकम उपलब्ध गराइने बताउनुभएको छ। "कोभिड-१९ विरुद्ध ठूलो सङ्घर्ष गरेको आफ्नो मुलुक नेपालप्रति ऐक्यबद्धता प्रकट गर्दछ, निर्दयी कोरोनालाई परास्त गर्न नेपाल सफल हुनेछ", उहाँको ट्विटमा भनिएको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बढ्ने |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : मन चञ्चल | मकर | : ब्यापारमा लाभ |
| सिंह | : शारिरीक झमेला | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : मानसिक तनाव | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६,जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# कालीपुलमा होल्डिङ सेन्टर

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १८ बैशाख**

म्याग्दी भित्रिने प्रमुख नाका कालीपुल बसपार्कमा शुक्रबारदेखि होल्डिङ सेन्टर सञ्चालन भएको छ।

फैलिएको दोस्रो लहरको कोरोना भाइरस रोकथामका लागि विदेश र बाहिरी जिल्लाबाट आउने जाने व्यक्तिहरूका लागि होल्डिङ सेन्टर सञ्चालन गरिएको हो।

जिल्ला प्रशासन कार्यालयको समन्वयमा जिल्लाका सबै स्थानीय तहसँग सहकार्य गरेर कालिपुलको पर्यटक सूचना केन्द्रको भवनमा होल्डिङ सेन्टर तथा नागरिक सहायता कक्ष सञ्चालन गरिएको प्रहरी नायव उपरीक्षक श्यामकुमार राईले बताउनुभयो। होल्डिङसेन्टरमा बाहिरी जिल्ला र विदेशबाट म्याग्दी आउने नागरिकहरूको बिस्तृत विववरणसहितको अभिलेख राख्ने र सम्बन्धित वडाका जनप्रतिनिधीसँग समन्वय गरेर घर पठाउने व्यवस्था मिलाइने छ।

कोरोना फैलिएका जिल्ला र शहरबाट आउनेहरू सिधै गाउँमा पुगेर क्वारेन्टिनमा नबसी अन्य नागरिकको सम्पर्कमा जाँदा कोरोना फैलने खतरा देखिएपछि कोभिड-१९ जिल्ला सङ्कट व्यवस्थापन केन्द्रले होल्डिङ सेन्टर ब्यूँताउँने निर्णय गरेको थियो। यसअघि गत असोजसम्म बेनीमा होल्डिङ सेन्टर सञ्चालन भएको थियो। होल्डिङ सेन्टरमा म्याग्दीका छ वटै स्थानीय तहका एकएक जना कर्मचारी खटिएका छन्। कालीपुलको चेकपोष्टबाट भित्रने सवारी साधनका यात्रुलाई सिधै होल्डिङ सेन्टरमा ल्याएर भ्हारिनेछ।

चेक पोष्टदेखि होल्डिङ सेन्टरसम्म सवारी साधन र यात्रुलाई ल्याउन सुरक्षाकर्मीले निगरानी गर्ने भएका छन्। शुक्रबार म्याग्दीमा थप ६ जना कोरोना भाइरसका सङ्क्रमित थपिएका छन्। बिहिबारसम्म जिल्लामा सक्रिय सङ्क्रमितको सङ्ख्या ४८ जना थियो।

# वस्ती संरक्षणका लागि म्याग्दी नदीमा ग्याबियन पर्खाल

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १८ बैशाख**

म्याग्दी नदीको कटानका कारण उच्च जोखिममा परेको म्याग्दीको बेनी नगरपालिका-२ बगरफाँटलाई कटानबाट जोगाउन नदीजन्य वस्तुको स्थानान्तरण गरी नदी किनारामा ग्याबियन जाली भरेर पर्खाल लगाइएको छ।

बगरफाँट क्षेत्रको रातढुङ्गाबाट पलाँसेसम्मको क्षेत्र नदी कटानका कारण उच्च जोखिममा परेको थियो। बस्ती संरक्षणका लागि नदी किनारका यस क्षेत्रमा ग्याबियन जाली लगाउनुबाहेक अर्को विकल्प नरहेकाले नदीको धार परिवर्तन गरी नदीजन्य वस्तुलाई बगरफाँटतर्फ स्थानान्तरण गर्दै ग्याबियन जाली लगाइएको हो।

नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण आयोजनाले म्याग्दीका सांसद भूपेन्द्रबहादुर थापा र थममाया थापाको सिफारिशमा नदीमा ग्याबियन जाली लगाई बस्ती संरक्षणका लागि गत वर्ष रु २० लाख विनियोजन गरेर गत फागुनदेखि काम शुरु भएको थियो। अहिले ग्याबियन भर्ने काम सम्पन्न भएको बगरफाँट बस्ती संरक्षण आयोजनाका अध्यक्ष नारायणबहादुर कार्कीले बताउनुभयो। विसं २०५७ मा नदीमा आएको बाढी र त्यसपछि निरन्तररूपमा नदीको कटानका कारण गाउँ नै जोखिममा परेपछि केही वर्षअघिदखि नियन्त्रणको प्रयास गरिएको भए पनि त्यो प्रभावकारी हुनसकेको छैन। यसअघि गत जेठमा गण्डकी प्रदेश सरकारको रु ५० लाख लागतमा बगरफाँटको दुधेखोलाबाट बाङ्गेघारसम्म करिब दुई किलोमिटर क्षेत्रमा ग्याबियन जाली भरेर तटबन्ध गरिएको तर वर्षामा नदीमा आएको बाढीले ग्याबियन जाली बगाएपछि पुनः समस्या थपिएको हो।

अध्यक्ष कार्कीका अनुसार नदी कटानबाट अति प्रभावित क्षेत्र जरुवाबाट डम्मराको पुलसम्म ४०० थान जाली भरेर पर्खाल लगाइएको छ। करिब २०० घरधुरीको बसोबास रहेको बगरफाँट गाउँ हिउँदमा खतरामुक्त रहे पनि बर्खामा भने नदी कटानका कारण सधैँ जोखिममा रहने गरेको स्थानीयवासीले बताएका छन्।

दुई वर्षअघि पनि स्थानीय पूर्वाधार तथा साझेदारी कार्यक्रममार्फत प्राप्त रु१० लाखबाट नदीजन्य वस्तुको स्थानान्तरण गराई उच्च जोखिममा रहेका बगरफाँटका पलाँसे, खहरेखोला, हरिहर शिव मन्दिर क्षेत्र र जरुवामा संरक्षणको काम गरिएको अध्यक्ष कार्कीले बताउनुभयो। अध्यक्ष कार्कीका अनुसार म्याग्दी नदीको धार परिवर्तन नहुने गरी बेनी नगरपालिका-६ डम्मराका बासिन्दाको आपसी सहमतिमा नदीको करिब पाँच मिटर क्षेत्रबाट स्काभेटरको प्रयोग गरी नदीजन्य वस्तु (ढुङ्गा,गेग्र,बालुवा) आदिनिकालेर बगरफाँट क्षेत्रमा स्थानान्तरण गरिएको थियो। नदीले बगरफाँटको करिब १५० रोपनी क्षेत्रफल जग्गा कटान गरेर बगाइसकेको छ भने खहरेखोला, हरिहर शिव मन्दिर क्षेत्र, पलासे र जरुवा उच्च जोखिममा छन्।

# पाकिस्तानमा दोस्रो लहरमा गम्भीर बिरामीको संख्या पहिलेको भन्दा ५७ प्रतिशतले बढी

**रासस**
**काठमाडौं, १८ बैशाख**

पाकिस्तानमा कोभिड-१९ को अघिल्लो वर्षको भन्दा गम्भीर बिरामी हुने व्यक्तिको संख्या कम्तीमा पनि ५७ प्रतिशतले बढेको देखिएको बताइएको छ।

यहाँका अधिकारीहरुले पाकिस्तानमा अघिल्लो वर्षमा भएका बिरामीहरुको तुलनामा यस वर्ष कम्तीमा पनि ५७ प्रतिशतले बिरामी बढेको पाइएको बताएका हुन्।

पाकिस्तानमा अहिले गम्भीर प्रकृतिका बिरामी भएर भेन्टिलेटरमा रहेको सङ्ख्या पाँच हजारभन्दा बढी छ। पाकिस्तानका विभिन्न अस्पतालहरुमा अहिले पाँच हजार ३६० जना कोभिडका बिरामी भेन्टिलेटरमा उपचाररत रहेका बताइएको छ।

यहाँको स्वास्थ्य मन्त्रालयका एकजना अधिकारीले भनेका छन् कि अघिल्लो वर्ष जुन महिनामा यहाँको कोरोनाका सङ्क्रमितहरुको सङ्ख्या उच्च पुगेको थियो। गत वर्षको जुन महिनामा यहाँ सबैभन्दा बढी अर्थात् दुई हजार जना भेन्टिलेटरमा राखिएको थियो। तर अहिले भने यसरी गम्भीर प्रकृतिको बिरामी भएर भेन्टिलेटरमा राख्नु परेका बिरामीको सङ्ख्या पाँच हजार नाघिसकेको छ। यहाँका अधिकारीहरुले अघिल्लो वर्षको तुलनामा पाकिस्तानमा कोरोनाको दोस्रो लहर बढी सङ्क्रामक रहेको पनि बताएका छन्। पाकिस्तानमा अहिलेसम्म आठ लाखभन्दा बढी व्यक्ति कोरोनाका सङ्क्रमित भएका छन् भने १७ हजार जनाभन्दा बढीको ज्यान गएको बताइएको छ।

# आर्वा मौजा कुलायन मार्गमा बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ बैशाख**

पोखरा महानगरपालिका वडानं १३ आर्वा स्थित, श्री आर्वा मौजा कुलायन मार्ग सडक उपभोक्ता समिति को शनिवार आर्वा मा सम्पन्न भएको पाँचौ अधिवेशन ले सरद चन्द्र बराल को अध्यक्षतामा १३ सदस्यिय सडक उपभोक्ता समिति सर्वसम्मत निर्वाचित गरेको छ।

समितिको उपाध्यक्षमा राधा देवी बराल(विद्या), सचिव बिष्णु प्रसाद बराल, सह सचिव हरी बहादुर बराल र कोषाध्यक्षमा राम दत्त बराल चुनिनु भएको छ। तेसै गरी समिति का सदस्यहरुमा कृष्णप्रसाद बराल, कृष्ण अधिकारी, बिन बहादुर परियार, भोज राज बराल,बुद्धि बहादुर सिग्देल, बसन्त राज बराल, सुजना बराल र गणेश बराल छानिनु भयको छ। यस अघि अधिवेशन को उद्घाटन गर्दै माननीय न्यायाधिस शंकर राज बरालले आर्वामा बनेका सडकहरु मध्ये कुलायन मार्ग सडक अति छीटो र चमत्कारीक रुपमा बनेको स्मरण गर्दै यस्ता सडक निर्माण ले आर्वालीको जिवनस्तर उकास्ने काममा समेत ठूलो भुमिका खेलेको बताउनु भयो। यो सडक निर्माणमा उपभोक्ता समिति र स्वयम् उपभोक्ता नै लागि परेका कारण सफलता मिलेको बताउँदै उहाँले आर्वालीमा सडक, खानेपानी, बिध्युत लगायतका बिषयमा जागरुकता देखिएको आँफुले पायकोमा खुशी ब्यक्त गर्नु भयो।

कार्यक्रममा शुभकामना मन्तब्य ब्यक्त गर्दै समाजसेवी कीशोर दत्त बरालले आर्वाका सडक निर्माण कार्यहरुमा उपभोक्ता को चासो र जिम्मेवारी महत्वपूर्ण रहेको बताउनु भयो। नेपाल पत्रकार महासंघ कास्कीका सह सचिव श्रीराम सिग्देल ले उपभोक्ताहरुको एउटै सोंच र जनश्रमदानमा समेत उल्लेख सहभागीताका कारण आर्वा मौजा कुलायन मार्ग अन्य सडकको दाँजोमा गुणस्तरीय र सुविधा सम्पन्न बनेको आँफुले पायको बताउनुभयो। सो सडक आर्वाको साझा देखि अँधेरी डहर सम्म कालोपत्रे ढलान र अँधेरी डहर देखि पुर्व मोहरपानी, परियार टोल, ज्योतिष थर हुँदै छापाको चौतारो सम्म कच्ची सडकको रुपमा सञ्चालन भई रहेको छ।

आर्वा मौजा कुलायन मार्ग सडक उपभोक्ता समितिका अध्यक्ष बसन्त शर्मा अधिकारी को अध्यक्षतामा भएको कार्यक्रममा कोषाध्यक्ष बिष्णु प्रसाद बराल ले स्वागत तथा सचिव शरदचन्द्र बरालले कार्यक्रम सञ्चालन गर्नु भयको थियो।

